स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



घरेलु बक्स अफिसमा सर्वाधिक कमाउने फिल्मको कीर्तिमान बनाएको 'पूर्णबहादुरको सारंगी'ले अभिनेता विजय बरालको करिअर नै कायापलट गरिदिएको छ। यसअघि उनी सहायक भूमिकामा बढी देखिन्थे। पारिश्रमिक ५ लाख पाउन पनि उनलाई गाह्रो पर्थ्यो। तर, 'सारंगी'को सफलतापछि उनको पारिश्रमिक ५ गुणा बढेको छ भने मुख्य भूमिकामा फिल्म अफरको ओइरो नै लागेको छ।

**आजको विचार...**



उमेरमै...
(दुई पेजमा)

युवराज खड्का

आगामी चैत १५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'डोरी'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ। यसअघि सार्वजनिक फर्स्टलुकमा कलाकार वीरेन्द्र सिंह कुशवाहालाई मात्र चित्रित गरिएकोमा नयाँ पोस्टरमा भने फिल्मका मुख्य पात्रहरु कविता आले, प्रकाश घिमिरे, प्रवीण खतिवडा, शिशिर बाङ्देल, अरुण लामा, अञ्जना बराइली, राज पौडेल, नूतन र राज थापा प्रस्तुत छन्। पोस्टरको केन्द्रमा अञ्जना छिन्, जसले फिल्ममा उनको चरित्रको महत्वलाई दर्शाउँछ।



❐ वर्ष ३० ❐ अंक १८५ ❐ २०८१ माघ १५ गते मंगलबार 28 January 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

### तानसेनमा ५० लाख लिटरको ट्याङकी निर्माणका लागि सार्वनजिक सुनुवाइ

# प्रभावित क्षेत्रका नागरिकलाई ध्यानमा राखेर काम गर्नुपर्नेमा जोड

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ १४/तानसेन खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि ५० लाख लिटर क्षमताको ट्याङकी निर्माणका लागि तानसेनमा सार्वजनिक सुनुवाइ गरिएको छ । तानसेन खानेपानी उपभोक्ता समितिले प्रस्ताव गरेको कालिगण्डकी, सिस्ने र भुल्के खोलाको पानी अफलिफ्ट गर्ने तथा बतासेडाँडामा भण्डारण ट्याङकी र विश्राम केन्द्र (रिफ्रेसमेन्ट सेन्टर) निर्माण गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) को लागि सोमबार तानसेनमा सरोवारवाला निकायसँग सार्वजनिक सुनुवाइ गरिएको हो ।





सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागीहरुले प्रभावित क्षेत्रका नागरिकहरुलाई ध्यानमा राखेर परियोजना अगाडि बढाउन आग्रह गरेका छन् । उनीहरुले वास्तविक प्रभावित क्षेत्रहरुको पहिचान गरी त्यहाँका नागरिकहरु लाभान्वित हुने गरी काम गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा तानसेन नगरपालिका-५ का स्थानीय विदुर घिमिरेले प्रभावित क्षेत्रका नागरिकहरुलाई लाभान्वित बनाउने कुरामा कन्जुस्याई नगर्न आग्रह गरे । उनले प्रतिवेदनमा वास्तविक प्रभावित क्षेत्र छुटेकाले उक्त क्षेत्रलाई समेटेर त्यहाँका नागरिकहरुलाई कुनै न कुनै रुपमा लाभ हुने विषयमा ध्यान दिनुपर्नेमा जोड दिए । घिमिरेले एकै क्षेत्रमा तीन वटा ट्याङकी बनाउँदा वातावरणीय मौसमलाई समेत ध्यान दिनुपर्ने बताए । तानसेनका पर्यटन व्यवसायी राजीव शाहले परियोजना अगाडि सार्दै गर्दा पर्यटकीय क्षेत्रतर्फमा ध्यान दिनुपर्नेमा जोड दिए । स्थानीय पूर्णबहादुर रावलले ऐन कानुनलाई हेरेर मात्र काम गर्न सुझाव दिए । तानसेन-५ का वडा अध्यक्ष रामबहादुर रावलले प्राकृतिक विपद्बाट हुने जोखिमलाई ध्यान दिन जरुरी रहेको उल्लेख गरे । सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै संघीय सांसद ठाकुर गैरेले खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि ट्याङकी निर्माणको योजना अगाडि बढाएकोमा खुसी व्यक्त गरे । उनले प्रभावित क्षेत्रलाई ध्यानमा राखेर काम गर्नु पर्नेमा जोड दिए । परियोजना सञ्चलानका लागि आवश्यक बजेट विनियोजनका लागि संघीय सरकारमा आफुले पनि पहल गर्ने सांसद गैरेले बताए । लुम्बिनी प्रदेश सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले पछिल्लो समय तानसेनको खानेपानी समस्या समाधान हुँदै गएको र दीर्घकालीन समाधानका लागि रिजर्व ट्याङकी निर्माणले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले पनि ट्याङकी निर्माणका लागि आवश्यक बजेट प्रदेश सरकारमार्फत विनियोजन गर्न समेत पहल गर्ने बताए । कार्यक्रममा संविधान सभा सदस्य लीला सोमै,तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराई, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्की, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले खानपानीको दीर्घकाली समस्या समाधानका लागि भएको अभियान सकारात्मक भएकाले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने बताए । खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन श्रेष्ठले काकाकुल अवस्थामा रहेको तानसेनलाई आफुहरु आएपछि समाधान गरेको उल्लेख गरे । उनले अहिले तानसेनमा पर्याप्त मात्रमा पानी पुगेकाले दीर्घकालीन रुपमा पनि समस्या नहोस् भनेर ५० लाखको ट्याङ्की निर्माण गर्ने योजना ल्याएको बताए । उनले आफुहरुको तीन बर्षको कार्यकाल भए पनि ३० वर्षको योजना बनाए काम गर्दै आएको उल्लेख गरे । अध्यक्ष श्रेष्ठले पानीका कारण कुनै पनि उपभोक्ता पलायन हुन नपर्ने र तानसेनमै लगानीको वातावरण सिर्जना गर्न सक्ने गरी पानीको दीर्घकालीन सहज ब्यवस्था गर्न थालिएकाले सबैले सहयोग गरिदिन आग्रह गरे । कार्यक्रममा वातावरण अध्ययन टोलीका प्रमुख सुदीप पौड्यालले प्रभावित क्षेत्रको अध्ययन गरी प्रतिवेदन तयार गरिएकाले कुनै त्यस्तो जोखिम नभएको बताए । उनले आमनागरिकबाट आएका सुझावहरुलाई समेत कार्यान्वयन गरिने बताए । उनले परियोजनाका लागि ४२ करोड बजेट प्रस्ताव गरिएको समेत जानकारी गराए । सार्वजनिक सुनुवाइ कार्यक्रम समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठको अध्यक्षता, सचिव प्रेम मल्लको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### सैनिक कारबाहीमा ३० को मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामावाद,** माघ १४/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा तीनवटा छुट्टाछुट्टै कारबाहीमा तीस आतङ्ककारी मारिएको सेनाले जनाएको छ । पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) ले सुरक्षा बलहरूले प्रान्तको जिल्लाहरूमा गुप्तचरमा आधारित अपरेशन गरेको एक विज्ञप्तिमा जनाएको छ । लक्की मारवाटमा अपरेशनको क्रममा १८ आतङ्ककारी मारिए र छ जना घाइते भएको आईएसपीआरको विज्ञप्तिमा भनिएको छ । काराक जिल्लामा अन्य आठ आतङ्ककारी मारिएको आईएसपीआरले जनाएको छ । आईएसपीआरका अनुसार कारबाहीमा ठूलो मात्रामा हतियार र गोलाबारुद पनि बरामद गरिएको छ । इलाकामा अन्य आतङ्ककारीहरूको उपस्थितिलाई हटाउन क्लियरेन्स अपरेशन भइरहेको छ । सेना पाकिस्तानबाट आतङ्कवादको खतरालाई मेटाउन कटिबद्ध रहेको बताएको छ । बिकाश राई समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ७६ हजार ४ सय ९० रूपैयाँ सहित पक्राउ गरेको हो ।

## एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
-ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
-त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
-एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
-घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऊँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रामपुरमा एच.पि.भी खोप सम्बन्धी अभिमुखिकरण

**पाल्पा,** माघ १४/जिल्लाको रामपुरमा पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ । नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा कार्यक्रम भएको हो ।



पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणको लागि आगामी माघ २२ देखि फागुन ६ गते सम्म सञ्चालन हुन गैरहेको खोप अभियान अन्तर्गत शाखाले नगरपालिका स्तरीय खोप समन्वय समितिलाई अभिमुखिकरण प्रदान गरेको छ । पाठेघरको मुखको क्यान्सर विरुद्ध प्रयोग गरिने एच.पि.भी खोप कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई लगाईदैछ । रामपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले माघ २२ देखि २८ गतेसम्म नगर भित्रका ६० विद्यालयहरु मध्ये २९ विद्यालयका १ हजार ९ सय ४४ किशोरीलाई खोप दिइने जानकारी दिए । उनका अनुसार विद्यालयमा अध्ययनरत छात्राहरुलाई माघ २२ देखि २८ सम्म विद्यालय मै पुगेर खोप लगाईने र अन्य छुटेका विद्यार्थी तथा विद्यालय भन्दा बाहिर रहेका उमेर समुह भित्रका किशोरीहरुलाई स्वास्थ्य संस्थामार्फत खोप प्रदान गरिने छ । रामपुर नगरपालिकाका नर्सिङ अधिकृत पुनम धितालले एच.पि.भी. खोप अभियानको कार्यनीतिको बारेमा जानकारी दिदै सरकारले यसै वर्षदेखि एच.पि.भी. खोपलाई नियमित खोप कार्यक्रममा समावेश गरेको बताइन् । पाठेघरको मुखको क्यान्सरका कारण नेपालमा दैनिक चार जना महिलाको ज्यान गएको तथ्याङ्क रहेकाले खोप अभियानमा सहयोग गर्न उनले सबैलाई आग्रह गरिन् । एच.पि.भी. खोप अभियानका लागि शतप्रतिशत लक्ष्य प्राप्ति हुने गरी तयारी गरिएको उनको भनाई छ । स्वास्थ्य शाखाका अनुसार रामपुर नगरपालिका वडा नम्बर १ मा ४४ जना, २ मा ८२ जना, ३ मा १५३ जना, ४ मा १११ जना, ५ मा ७२६ जना, ६ मा २१८ जना, ७ मा १४३ जना, ८ मा १४५ जना, ९ मा १०९ जना र १० नम्बर वडामा २१३ जना छात्रालाई खोप दिइनेछ । कार्यक्रम रामपुर नगरपालिका प्रमुख एवं नगर स्तरीय खोप समितिका संयोजक रमण बहादुर थापाको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## नेपाल नर्सिङ दिवसको सन्दर्भ

नेपाल नर्सिङ दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । वि.सं. २०१८ माघ १५ गते आजकै दिन नेपाल नर्सिङ संघको स्थापना भएको उपलक्ष्यमा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । संगठित अभियानको झण्डै छ दशक इतिहास बनिसक्दा पनि नेपालको नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । नर्सबिना अस्पतालको कल्पनासमेत गर्न सकिँदैन तर हजारौँ नेपाली नर्स अझै न्यूनतम सेवा सुविधाबाट वञ्चित हुनु दुखद् हो । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाको आदर्श उँचो भए पनि अहिले विदेशिन बाध्य छन् । नेपालमा नर्सहरूको पेसागत हकहित र सुरक्षाका लागि भन्दै नेपाल नर्सिङ संघ स्थापना भएको हो तर पनि नर्सहरु पेशाप्रति सन्तुष्ट छैनन् ।

कोरोना महामारीका बेला नर्सले आफ्नो सुरक्षाको पर्वाह नगरी सेवा प्रदान गरेको कसैले बिर्सन सक्दैन । जसका कारण नर्सहरूको जति नै प्रशंसा गरे पनि कमै हुन्छ । कोभिड–१९ को उपचारमा जोखिम मोलेर फ्रन्टलाइनमा खटिइरहेका नर्सहरूका कारणले पनि नर्सिङ दिवसको महत्व अझै बढेको छ । त्यस्तो कठिन समयमा पनि आफ्नो स्वास्थ्य, घर परिवारको चिन्ता नगरी आफ्नो कर्तव्य निष्ठाका साथ पालना गरी बिरामीको सेवा गर्नमा तत्पर थिए र अहिले पनि छन् । अर्कोतर्फ सीमित दरबन्दी र रिक्त पदमा पदपूर्ति हुन नसक्दा देशमा उत्पादित नर्सिङ जनशक्ति बेरोजगार हुनु परेको अवस्था छ । निजी अस्पताल र कलेजमा सरकारी अस्पताल कलेजसरह पारिश्रमिक तोकी कार्यान्वयन गरेमा, सवेदनशील र जोखिमयुक्त विभागमा जोखिम भत्ताको प्रावधान भएमा, बिदा र सुविधाको व्यवस्था हुन सके नर्सहरुको आर्थिक सुनिश्चितताका साथै मनोबल बढ्ने थियो । त्यसैले नर्सिङ जनशक्तिको माग आपूर्तिको तथ्यांक प्रणाली बनाउन निजी क्षेत्रमा कार्यरत नर्सिङ जनशक्तिको तोकेअनुसार पारिश्रमिक सुनिश्चित गर्न, विशिष्टीकृत विषय र विधानको विकासअनुसार दरबन्दी सिर्जना गरी कार्यान्वयनको थालनी गरे मात्र देशमा कार्यरत नर्सले आर्थिक सुरक्षाको महसुस गर्ने थिए । यसो हुँदा मात्रै विदेश पलायन रोकिन सक्छ । भविष्यमा आइपर्ने नर्सिङ जनशक्तिको संकटलाई रोक्न समयमै आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउन ढिला भइसकेको छ । त्यसैले नर्सको नेतृत्व गर्ने संस्था नेपाल नर्सिङ संघका पदाधिकारीहरूले दिवसको 'सेलिब्रेसन' गर्ने मात्र नभई उनीहरूको हकहितका लागि दीर्घकालीन योजना बनाएर यस पेसामा संलग्न सम्पूर्ण कर्मचारीको हक सुरक्षित गर्नुका साथै भविष्य समेत सुनिश्चित गर्ने दिशामा लाग्न जरुरी छ ।

### Opinion @ Social Network

आफुलाई प्रिय लाग्ने चिज, त्याग्नु सक्नु नै खुसीको सुरुवात हो ।
मनिषा सारुको *फेसबुकबाट*;*https://www.facebook.comManisha.Saru*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उमेरमै अल्झेको सरकार



युवराज खड्का

अहिले नेपालमा युवाहरूको सवाल व्यापक रूपमा सडकका गल्लीदेखि सदनका रोष्ट्रमसम्म जोडतोडले उठिरहेको पाइन्छ। विशेषगरी त्यस ठाउँमा युवा बेरोजगार, उद्यमशीलता, गुणस्तरीय शिक्षा, स्वास्थ्य, क्षमता विकास, युवामैत्री शासन र लगानीका सवालहरूले राम्रै स्थान पाइरहेका छन्। राष्ट्रिय युवा नीति २०७२ अनुसार १६-४० वर्ष उमेर समूहका मानिसहरूलाई युवा मानिएको छ। पछिल्लो राष्ट्रिय जनगणना अनुसार त्यस्तो उमेर समूह कुल जनसंख्याको ४२.५६ प्रतिशत रहेको छ भने संख्याको हिसाबले १ करोड २४ लाख १२ हजार १७३ रहेको छ । करिब ३ करोड जनसंख्या भएको नेपालमा झन्डै आधा जनसंख्या हुनु राष्ट्रका लागि सकारात्मक कुरा हो । युवालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिका रूपमा लिइन्छ। जसमा साहस, सिर्जनशीलता, सिकाइप्रतिको तीव्र इच्छाशक्ति र क्षमता तथा उच्च आत्मविश्वास रहेको हुन्छ, यसलाई राष्ट्र निर्माणको प्रमुख शक्तिका रूपमा समेत लिइन्छ । तर त्यही जनसंख्या आज देशमा क्षमता र योग्यता अनुसारको रोजगार र चाहे जस्तो शिक्षा नपाउँदा अवसर र रोजगारीका लागि विदेशिन बाध्य भएका छन् ।

**युवा सम्बन्धी कानूनी प्रावधान र संरचना :** औपचारिक रूपमा सरकारी तवरबाट युवा मामिला सम्बोधनका लागि २०५२ सालमा पहिलो पटक युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना भई २०५२ सालमा युवा शक्ति परिचालन तथा समन्वय र निर्देशनका लागि उपयुक्त कार्यक्रम तयार गर्न गठित उच्चस्तरीय कार्यदलले प्रतिवेदन दिए तापनि २०६६ मा युवा तथा खेलकुद मन्त्रालयबाट गठित युवा कार्यदलले १६ देखि २९ वर्ष उमेर समूहलाई युवाको रूपमा परिभाषित गऱ्यो। वि.सं. २०६५ मा सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गऱ्यो । युवा मन्त्रालय गठन भएपछि गठित कार्यदलले निर्माण गरेको राष्ट्रिय युवा नीतिको मस्यौदा वि.सं. २०६६ माघ १४ गतेको मन्त्रिपरिषद् बैठकले पारित गऱ्यो । त्यसपछि सो नीतिमा आवश्यक पुनरावलोकन गर्दै सरकारले राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद् ऐन २०७२ तथा नियमावली २०७३ जारी गरी राष्ट्रिय युवा परिषद्को स्थापना भयो । यस्तै नीति र ऐनमा समेटिएका विषयहरूको कार्यान्वयनका लागि सरकारले सन् २०१५ मा युथ भिजन-२०२५ र दशवर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयन गरिरहेको छ । त्यसैगरी युवाहरूका स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्न भन्दै 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली २०६५ (हाल २०७७) अन्तर्गत २०६५ सालमा कोषको स्थापना गरेको थियो। यसैगरी सरकारले युवामैत्री शासन सञ्चालनका लागि युवा मैत्री स्थानीय तह दिग्दर्शन, २०८० जारी गरी कार्यान्वयनको प्रयास गरिरहेको छ। यसरी नेपालमा युवा मामिला विकासका लागि भन्दै सरकारी तवरबाट दशकौं अघि औपचारिक रूपमा नीति, कार्यक्रम तथा बजेट विनियोजन हुँदै आए पनि अपेक्षित रूपमा उपलब्धि हासिल हुनसकेको छैन । विशेषगरी युवा तथा खेलकुद मन्त्रालय मातहत रहने गरी सरकारले युवा विकासका लागि विभिन्न क्षेत्रमा काम गर्ने भनी मूल रूपमा राष्ट्रिय युवा परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी काम गरिरहेको छ ।

**वर्तमान अवस्था र समस्या :** सरकारी तथ्यांकलाई आधार मान्ने हो भने रोजगारी, उच्च शिक्षा, बसाइसराइ, भ्रमण लगायत नाममा वर्षेनि विदेशिने नेपालीको संख्या लाखौं रहेको छ । यसमध्ये अधिकांश रोजगारीका लागि बाहिरिने गरेका छन् । विदेशमा रहेका नेपालीको संख्या वास्तविक कति छ भन्ने विषयमा सरकारसँग यकिन तथ्यांक भने भेटिँदैन । तर पनि अनुमानित ७० लाखको हाराहारीमा नेपालीहरू विश्वका विभिन्न मुलुकमा रहेको बताइन्छ । सन् २०२४ को वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार त्यस वर्ष मात्रै ८ लाख ५६ हजार ४२२ जना नेपाली रोजगारीका लागि विदेशिएका छन् । जसमध्ये ७ लाख ६९ हजार ८९० जना पुरुष छन् भने ९६ हजार १९७ जना महिला रहेको पाइएको छ । नेपालीहरू यतिमै मात्रै नभई विभिन्न विषयमा विदेशिने गरेका छन् । हालसालै सार्वजनिक सरकारी तथ्यांक अनुसार भ्रमणका लागि करिब २ लाख ५ हजार विदेश गएका छन् भने उच्च शिक्षा अध्ययनका लागि १ लाख १९ हजार ४०९, डिपेन्डेन्ट भिसामा ३४ हजार र स्थायी बसोबासका लागि ६६ हजार ८३५ जना विदेशिएका छन् । यसमध्ये वैदेशिक रोजगारी, उच्च शिक्षा, डिपेन्डेन्ट भिसामा बाहिरिने बहुसंख्या युवाहरूको रहेको छ । यसरी वर्षेनि लाखौं युवा अवसर र रोजगारीको नाममा विदेशिनु राष्ट्रका लागि चिन्ताको विषय हो । नेपालमा पर्याप्त रोजगारीको अभाव, कृषि र औद्योगिक उत्पादनको बजारीकरण र न्यूनतम समर्थन मूल्यको अभाव, युवामैत्री लगानी र शासनको अभाव तथा सेवाप्रदायक सरकारी तथा सार्वजनिक निकायले इमानदारीपूर्वक नीति, कानूनको कार्यान्वयनमा तदारुकता नदेखाउँदा समस्या सधैं उस्तै रहिरहेको छ । नेपालमा प्रत्येक वर्ष करिब ५-६ लाख श्रम जनशक्ति बजारमा आउँछ, उनीहरूको रोजगारीको पाटो भने अन्योल रहन्छ । सीमित मात्रामा अनौपचारिक रूपमा निजी क्षेत्र र सरकारी गरी न्यून रोजगारीका अवसर प्राप्त हुने गर्छन् भने अन्य सबै विदेशिने गरेका छन् ।

**राष्ट्रिय युवा परिषद् :** नेपाल सरकारले यिनै समस्यालाई समाधान गर्न, युवाहरूको सशक्तिकरण, गुणस्तरीय शिक्षा, रोजगार, गुणस्तरीय सीप विकास, अध्ययन, अनुसन्धान, उद्यमशीलता, स्टार्टअप उद्यम कर्जा प्रवाह, युवामैत्री शासन र लगानी वृद्धि गर्न, सूचनाप्रविधिका सहज र सरल पहुँच स्थापित गर्न तथा सीपयुक्त दक्ष युवा जनशक्ति तयार पार्न भन्दै दशक अघि सरकारले विशेषगरी राष्ट्रिय युवा नीति २०७२ लाई आधार मान्दै युवा मामिला विकासमा लागि एकीकृत रूपमा विशिष्टीकृत निकायको महसुस गरी सो मार्फत सरकारका नीति, कार्यक्रम र बनेटको कार्यान्वयनका लागि संरचना निर्माणका लागि राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी गरी परिषद्को स्थापना गऱ्यो र सन् २०१५ मा यसै मार्फत कार्यान्वयन गर्ने गरी युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयन गऱ्यो । यसले मूलत: युवा विकासका लागि पाँच वटा आधार स्तम्भहरूमा आधारित रहेर काम गऱ्यो। जसमध्ये गुणस्तरीय शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जनमा काम गर्ने भनी गठन भएको निकायले सामान्य खालका वर्षेनि १ देखि २ हजारलाई वित्तीय साक्षरता सम्बन्धी तालिम, नमूना युवा संसद्, स्वयंसेवक विकासमा तीन-चार सयलाई तालिम र सामान्य खाले अन्य गतिविधि गर्ने बाहेक थप प्रगति देखिँदैन। हालै युवा तथा खेलकुद मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादन विवरणमा युवाहरूका लागि आ.व. २०८१-०८२ को वार्षिक नीति, कार्यक्रम तथा विनियोजित बजेटको कार्यान्वयनमा बजेट वक्तव्यको बुँदा नं. २६८ मा उल्लिखित युवाको क्षमता विकास, उद्यमशीलता वृद्धि तथा स्वरोजगारका लागि वित्तीय स्रोतसाधनमा पहुँच सुनिश्चितता विषयमा जम्मा १ करोड १७ लाख बजेट विनियोजन गरेकोमा हालसम्म जम्मा २८.५२ लाख खर्च गरी जम्माजम्मी ३०० जनालाई विभिन्न तालिम दिइएको भन्ने प्रगति विवरणले पनि यसको कार्यप्रणालीलाई स्पष्ट पारेको छ । यसैगरी युवा परिषद्को अलि प्रभावकारी मानिएको नेतृत्व विकाससँग सम्बन्धित नमूना युवा संसद् अभ्यास कार्यक्रम २०८१-०८२ बाट कार्यान्वयन छैन भने उद्यमशीलताका लागि भन्दै सञ्चालन गरेको विद्यालयमा उद्यमशीलताका लागि हस्तान्तरण गर्दै आएको कार्यक्रम पनि वर्षौंदेखि सञ्चालनमा छैन । यसरी निकै महत्वका साथ गठन भएको युवा परिषद्को हालको दयनीय अवस्थाले यसको आवश्यकता, औचित्य र प्रभावकारितामा गम्भीर प्रश्न उठाएको छ । निकै ठूलो अपेक्षाका साथ खोलिएको यो संस्थाले गति लिन नसक्नु समग्र युवाहरूका लागि र राज्यका लागि चिन्ताको विषय हो । एकदमै न्यून स्रोतको व्यवस्था, कर्मचारीहरूको व्यस्तता, पदाधिकारीहरूको अनिच्छा र सरोकारवालाको बेवास्ताका कारण राज्यका यस्ता संस्था र संरचना आज शिथिल रहेका छन्। परिषद्का सबैभन्दा ठूलो समस्या पदाधिकारी तथा कर्मचारीले युवा मामिला विकासका लागि सरकारलाई उपयुक्त कार्यक्रमको निर्माण गरी कार्यान्वयनमा प्रभावकारी समन्वयकारी भूमिका खेल्न नसक्नु, मौजुदा स्रोत र साधनलाई अधिकतम लाभ केन्द्रित हुने गरी परिचालन गर्न नसक्नु र पदीय दायित्वलाई पूरा गर्न इमानदार प्रयास नगर्नु रहेको छ भने सरकारले नै यसलाई गम्भीर रूपमा नलिएर प्राथमिकतामा राख्न नसक्नु ठूलो समस्याको रूपमा रहेको छ ।

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष:** युवाहरूको उद्यमशीलताको सोच र परियोजनालाई साकार पार्न वित्तीय रूपमा सहयोग गरी त्यस मार्फत देशमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली २०६५ ( हाल २०७७) अन्तर्गत २०६५ सालमा कोषको स्थापना गरी काम अगाडि बढाए पनि काम भने औपचारिकता निभाउने र संस्थालाई आफू अनुकूल प्रयोग गर्ने प्रवृत्ति बढ्दा यसले पनि गति लिन सकेन ।

**निष्कर्ष :** सामान्य रूपमा सरकारले युवा मामिला विकासका लागि केही गर्ने प्रयास स्वरुप नीतिगत र संरचनागत व्यवस्था गरे पनि त्यसभित्रको आवश्यक स्रोतको उपलब्धता र कार्यप्रणालीगत विषय सुधार गर्न नसक्दा लक्ष्य प्राप्तिमा ती सबै निकाय निष्प्रभावी देखिएका छन् । अर्कोतर्फ सरकार, नीति निर्माता तथा कार्यान्वयन गर्ने पक्षको ठूलो लापरवाही र अकर्मण्यता कहाँ छ भने २०६६ सालमा सरकारले युवा नीतिमा नेपाली युवाहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, रोजगार, उद्यमशीलता जस्ता समस्याहरूको उठान गरेको थियो र यसका लागि आवश्यक कार्यक्रम बनाएर कार्यान्वयन गर्न नीतिले सुझाएको थियो । त्यसको वर्षौंपछि २०७२ सालमा फेरि पहिलेको युवा नीतिलाई प्रतिस्थापन गर्दै नयाँ युवा नीति जारी गऱ्यो र त्यसमा पनि मूल रूपमा युवाका समस्या तिनै दर्शाइयो र ती समस्या समाधान गर्न भन्दै सरकारले सन् २०१५ मा युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना, युवा स्वरोजगार कोषको स्थापना र परिचालन गर्दा समेत हाल कार्यक्रम कार्यान्वयनको अन्तिम बिन्दुसम्म पनि सरकारले पुन: नयाँ युवा नीति जारी गर्ने प्रयास गरिरहँदा फेरि त्यही समस्या समेट्नुले सरोकारवाला पक्षहरूको ठूलो लापरवाही देखिन्छ । यसरी बारम्बार त्यही समस्या दशकौंसम्म किन समाधान हुनसकेन, सरकारले कार्यान्वयन गरिरहेका कार्यक्रमहरूको प्राप्त उपलब्धि के हो, कहाँ कमजोरी भयो, कसले गऱ्यो, अब के गर्ने भन्ने जस्ता सामान्य विषयको समेत बेवास्ता गरी सरकारले नयाँ युवा नीतिको छलफलमा समेत छलफलको प्रमुख एजेण्डा उमेर बनाउन उमेरमै अल्झिएको देखिन्छ । तसर्थ यी सबै विषयहरूलाई ध्यानमा राखेर सरकारले भएका कमजोरी र भावी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिको बारेमा प्रष्ट हुने र सरोकारवालाहरूले पनि आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गरेमा यही देशमा ऊर्जाशील लाखौं युवाले श्रमको पसिनाले देशलाई सिञ्चित गरेर आफ्नो र देशको सुन्दर भविष्यको निर्माण गर्न सक्छन् ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

**मेष** : आहार विहारमा सावधानी राख्नुहोस्। अध्यात्मतिर रुचि बढ्नेछ।
**वृष** : पेशामा समय लागेपनि सोचेको कार्य सम्पादन हुनेछ। मन अशान्त रहनेछ।
**मिथुन** : व्यवसायमा सन्तोषजनक परिणाम मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ।
**कर्कट** : मन उत्साहले भरिपूर्ण रहनेछ। धन र स्वास्थ्य दुवैमा लाभ रहनेछ।
**सिंह** : छिटो फलको आशाले गलत कार्य नगर्नुहोला।पढाइमा मन नलाग्ला।
**कन्या** : उच्च अधिकारीहरूको सहयोग मिल्नेछ। व्यापारमा सामान्य लाभ रहनेछ।
**तुला** : नयाँ कार्यहरू सिद्ध हुनेछन्। कार्यक्षेत्रको लागि गरिएको यात्राबाट लाभ मिल्नेछ।
**वृश्चिक** : रोजगारको अवसर प्राप्त हुनेछ। शिक्षाको क्षेत्रमा बाधा आउनेछ।
**धनु** : धार्मिक क्षेत्रमा मानसम्मान बढ्नेछ। कार्य गर्नुभन्दा अघि योजना बनाएर गर्नुहोस्।
**मकर** : दिन ऊर्जावान रहनेछ। मौसमी बिमारीबाट आफूलाई बचाउनुहोस्।
**कुम्भ** :परोपकारको भावनामा प्रवृत्त भइनेछ।नोकरीमा कामको जिम्मेवारी बढ्नेछ।
**मीन** : कार्य पूर्ण गर्नमा बाधा हुनेछ। नयाँ कार्य गर्न उपयुक्त समयको प्रतीक्षा गर्नुहोस्।

# विज्ञान/सूचना प्रविधि

## सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षाका लागि १०२ बुँदे 'एडभाइजरी' जारी

सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षाका लागि एक सय दुई बुँदे 'एड्भाइजरी' जारी गरिएको छ । राष्ट्रिय साइबर सुरक्षा केन्द्रले सरकारी कार्यालयको सूचना प्रविधि प्रणालीलाई सुरक्षित राख्न तथा सम्भावित साइबर खतराबाट जोगाउन साइबर सुरक्षा एडभाइजरी जारी गरेको हो । एडभाइजरीमा सरकारी कार्यालयको वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विभिन्न सुरक्षात्मक उपायहरू समावेश गरिएका छन् । सरकारी कार्यालयको वेबसाइटमा समस्या देखिने, साइबर हमलामा पर्ने, सूचना चोरी हुनेलगायत समस्या देखिएपछि एडभाइजरी जारी गरिएको केन्द्रका निर्देशक राजकुमार महर्जनले जानकारी दिए । 'सामान्य अज्ञानता वा लापरबाहीका कारण गम्भीर साइबर समस्या सिर्जना भइरहेका छन् । हामीले यो कुरा प्रयोगकर्तालाई जानकारी गरायौं भने समस्या घट्ने अपेक्षा छ', उनले भने, 'यो एडभाइजरी यो सरकारी निकायका कर्मचारीलाई मात्र होइन, सबै नागरिकका लागि हो ।' सरकारी वेबसाइट वा एप्लिकेसनमा समस्या देखिँदा कुन व्यक्तिलाई सम्पर्क गर्ने भनेर 'फोकल पर्सन' तोक्नका लागि पनि केन्द्रले सबै मन्त्रालय, आयोग, विभागलाई पत्राचार गरेको छ । वेबसाइट र नेटवर्क सुरक्षाका लागि नियमित रूपमा वेबसाइट अद्यावधिक गर्ने, सुरक्षा परीक्षण गराउने र डाटाको नियमित 'ब्याकअप' राखी व्यवसाय निरन्तरता योजना लागू गर्ने सल्लाह एडभाइजरीमार्फत दिइएको छ । त्यस्तै, एन्टिभाइरस, डेटाबेस, एप्लिकेसन लाइब्रेरी र अपरेटिङ सिस्टमहरू अद्यावधिक गर्ने र मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न निर्देशन गरिएको छ । एडभाइजरीमार्फत डेस्कटप, ल्यापटप र प्रिन्टर सुरक्षाका लागि लाइसेन्स प्राप्त सफ्टवेयर मात्र प्रयोग गर्न, सिस्टम र बायोसलाई स्वचालित रूपमा अद्यावधिक गर्न र प्रिन्टरहरूलाई इन्टरनेट पहुँचबाट अलग राख्ने उपाय अपनाउन भनिएको छ । पासवर्ड व्यवस्थापनका लागि सजिलै अनुमान गर्न नसकिने पासवर्ड राख्ने, तीन महिनामा कम्तीमा एक पटक परिवर्तन गर्ने र गोपनीयता कायम राख्न मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्न सिफारिस गरिएको छ । इन्टरनेट ब्राउजिङ सुरक्षाका लागि सुरक्षित ब्राउजिङ विधिहरूको प्रयोग, अद्यावधिक ब्राउजरको प्रयोग र व्यक्तिगत जानकारी अनधिकृत वेबसाइटमा सेयर गर्न भनिएको छ । सामाजिक सञ्जाल (सोसल मिडिया) मा अनधिकृत सामग्री पोस्ट नगर्न र व्यक्तिगत जानकारी सीमित मात्रामा प्रयोग गर्न तथा मोबाइल उपकरणको सुरक्षाका लागि अद्यावधिक गरिएको अपरेटिङ सिस्टम, विश्वसनीय स्रोतबाट मात्र एप डाउनलोड गर्नेलगायत विषयमा ध्यान दिनुपर्नेमा जोड दिइएको छ । यी उपायहरूको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरूलाई नियमित रूपमा साइबर सुरक्षा तालिम दिने व्यवस्था गर्न पनि केन्द्रले आग्रह गरेको छ । केन्द्रले वेबसाइट अपडेट, डेटा ब्याकअप, सुरक्षित पासवर्ड, मल्टि-फ्याक्टर प्रमाणीकरण, नेटवर्क सेगमेन्टेसन र एन्टिभाइरस अपडेटलगायत कुरामा



ध्यान पुऱ्याएर साइबर सुरक्षालाई सुदृढ बनाउन सकिने जनाएको छ । यी सुरक्षात्मक उपायहरूले सरकारी प्रणालीलाई साइबर खतराबाट बचाउने र नागरिक सचेतनासमेत बढ्ने अपेक्षा गरिएको केन्द्रका निर्देशक महर्जनले राससँग बताए ।

**पासवर्ड व्यवस्थापन :** पासवर्ड सुरक्षित बनाउन सहजै अनुमान गर्न नसकिने र बलियो पासवर्ड बनाउने सल्लाह केन्द्रले दिएको छ । यसका लागि ठूला र साना अक्षर, सङ्ख्या र विशेष चिन्हको संयोजन भएको कम्तीमा आठ वर्णको पासवर्ड प्रयोग गर्नुपर्नेछ । त्यस्तै, तीन महिनामा पासवर्ड अनिवार्य रूपमा परिवर्तन गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ । व्यक्तिगत जानकारीहरु जस्तै: नाम, जन्ममिति, ठेगाना आदिको प्रयोग पासवर्डका रूपमा नगर्न भनिएको छ । कुनै पनि प्रणालीको डिफल्ट पासवर्ड तुरुन्त परिवर्तन गरी मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ । त्यस्तै, एउटै पासवर्डलाई विभिन्न सेवा वा प्रणालीमा प्रयोग नगर्न र पासवर्ड गोप्य राखी अनधिकृत व्यक्तिसँग सेयर नगर्न सुझाव दिइएको छ ।

**इन्टरनेट ब्राउजिङ सुरक्षा :** सरकारी एप्लिकेसन, बैंकिङ सेवा वा अन्य महत्वपूर्ण सेवाहरू प्रयोग गर्दा सधैँ प्राइभेट ब्राउजिङ/इन्कग्निटो मोड प्रयोग गर्नुपर्ने एडभाइजरीमा उल्लेख छ । त्यस्तै, कुनै पनि वेबसाइटमा लिङ्कमा क्लिक नगरी ब्राउजरको एड्रेसबारमा डोमेन म्यानुअली टाइप गर्ने, ब्राउजरको नवीनतम संस्करण प्रयोग गर्ने र यसलाई नियमित अद्यावधिक गर्न भनिएको छ । ब्राउजरमा पासवर्ड वा भुक्तानीसम्बन्धी जानकारी सुरक्षित नगर्नसमेत सुझाव दिइएको छ । अनधिकृत थर्ड पार्टी सेवाहरू, जस्तै: नर्ड भिपिएन, एक्सप्रेस भिपिएन वा प्रोक्सीहरूको प्रयोग नगर्न र शङ्कास्पद वा पायरेटेड सामग्री डाउनलोड गर्नबाट जोगिन भनिएको छ ।

**इमेल तथा फिसिङ आक्रमणबाट सुरक्षा :** इमेलमार्फत हुने फिसिङ आक्रमणबाट बच्न अपरिचित व्यक्तिबाट आएका इमेल तुरुन्त नखोल्न र शङ्कास्पद अट्याचमेन्ट वा लिङ्क खोल्नबाट बच्नुपर्ने सल्लाह दिइएको छ । शङ्कास्पद इमेललाई स्प्याम रिपोर्ट गरी मेटाउनुपर्ने र आवश्यकबाहेक वेबपेजहरूमा सस्क्राइब नगर्न भनिएको छ । इमेल सेवामा मल्टिफ्याक्टर प्रमाणीकरण सक्रिय गर्ने, सार्वजनिक वाइफाइ प्रयोग गरेर व्यावसायिक इमेल नखोल्ने र सकेसम्म सुरक्षित भिपिएनको प्रयोग गर्नुपर्ने एडभाइजारीमा उल्लेख छ ।

**रिमुभेबल मिडिया सुरक्षाको उपाय :** रिमुभेबल मिडिया (युएसबी, एक्स्ट्रनल हार्ड ड्राइभ आदि) प्रयोग गर्दा यसलाई प्रयोग गर्नुअघि स्क्यान गर्नुपर्ने र त्यसमा भएका संवेदनशील सामग्रीलाई पासवर्ड वा इन्क्रिप्सनका माध्यमबाट सुरक्षित गर्नुपर्ने जनाइएको छ। अनधिकृत स्रोतबाट प्राप्त मिडियाहरू प्रयोग नगर्न र कार्यालयद्वारा स्वीकृत मिडियाहरू मात्र प्रयोग गर्न एडभाइजरीमार्फत निर्देशन दिइएको छ ।

**सामाजिक सञ्जाल सुरक्षासम्बन्धी :** सामाजिक सञ्जाल प्रयोग गर्दा व्यक्तिगत जानकारी सीमित राख्न, अपरिचित व्यक्तिको फ्रेन्ड रिक्वेस्ट वा मेसेज स्वीकार गर्नुअघि राम्रोसँग जाँच गर्न र सरकारी जानकारी सार्वजनिक गर्नबाट जोगिन भनिएको छ । सरकारी इमेल ठेगाना सामाजिक सञ्जालमा पोस्ट नगर्न र सामाजिक सञ्जाल खातामा मल्टिृयाक्टर प्रमाणीकरण लागू गर्न सुझाव दिइएको छ ।

**मोबाइल सुरक्षा उपायहरू :** मोबाइल उपकरणको सुरक्षाका लागि पछिल्लो अपडेट/प्याच लागू गर्न, एप्लिकेसन विश्वसनीय स्रोतबाट मात्र डाउनलोड गर्न र एप्लिकेसनले मागेको अनुमति ध्यानपूर्वक जाँच्नुपर्ने सल्लाह दिइएको छ । आवश्यकताबाहेक वाइफाइ, ब्लुटुथ, एनएफसी जिपीएसजस्ता सेन्सरहरू निष्क्रिय राख्न र मोबाइलमा एन्टिभाइरस सफ्टवेयर राख्न भनिएको छ । मोबाइल हराएमा ट्र्याक गर्न सकिने सुविधा सक्षम गर्न र आइएमइआई नम्बर सुरक्षित राख्न पनि एडभाइजरीमा उल्लेख छ ।

*-रासस*

# बढ्दैछ साइबर आक्रमण

**शंकर अर्याल**

मंसिर अन्तिम साता मौसमी अवस्था र प्रणालीको बारेमा भविष्यवाणी गर्ने जल तथा मौसम पूर्वानुमान महाशाखाको वेबसाइट ह्याक भयो । ttps/M.mfd.gov.np.रनामको उक्त डोमेन तीन साता भइसक्दा पनि फिर्ता आएको छैन । जल तथा मौसम विज्ञान विभाग अन्तर्गत रहेको महाशाखाको उक्त डोमेनमार्फत् उपलब्ध हुने सूचना अहिले विभागको httpsM//dhm.gov.np/ डोमेनमार्फत् दिन थालिएको छ । ह्याक भएको वेबसाइटका सबै डेटाको ब्याकअप पनि सोही वेबसाइटमा 'इन्ट्रिगेटेड' गरिएको छ । त्यस्तै, केही दिनअघि संघीय मामिला मन्त्रालयको वेबसाइट पनि ह्याक भयो ।httpsM//mofaga.gov.np/ डोमेनको उक्त वेबसाइटलाई ह्याकरले 'फर सेल' भनेर राखेको पाइएको थियो । करिब तीन दिनको प्रयासपछि उक्त डोमेन फिर्ता ल्याइएको थियो । सरकारी वेबसाइटमाथि भएको साइबर आक्रमणका पछिल्ला उदाहरण हुन् यी । पछिल्लो समयमा सरकारी वेबसाइटमा एकपछि अर्को समस्या भएका घटना बाहिरिएका छन् । दुई महिनाअघि मात्रै प्राविधिक समस्या आएको भन्दै राहदानी छपाइको काम बन्द भएको थियो । यद्यपि यो कस्तो प्रकारको समस्या थियो भनेर विभागले केही उल्लेख गरेको थिएन । सार्वजनिक संस्थानदेखि निजी क्षेत्रका वेबसाइट ह्याकका घटना कम छैनन् । वित्तीय क्षेत्रमा पनि यस्ता घटना हुने गरे पनि कमैमात्र सार्वजनिक हुने गरेका छन् । अघिल्लो वर्ष माघमा त्रिभुवन विश्वविद्यालयले नतिजा सार्वजनिक गर्दै httpsM//tuexam.gov.np/डोमेनको वेबसाइट कक्षा १२ मा अध्ययनरत एक विद्यार्थीले ह्याक गरेका थिए । पछि उनले वेबसाइटको सुरक्षामा भएको कमजोरी देखाउन ह्याक गरेको भन्दै त्यसलाई सकुशल फिर्ता गरेका थिए । त्यस्तै, केही समयअघि भुक्तानी सेवा सञ्चालक कम्पनी एफवान सफ्टले आफैँले बनाएको सिस्टमबाट सिटिजन्स बैंकको सोही कम्पनीको नाममा रहेको खाताबाट तीन करोड रुपैयाँ चोरी भएको घटना सार्वजनिक भएको छ । यो घटनाबारे नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अनुसन्धान गरिरहेको जनाएको छ । पछिल्लोपटक भएका साइबर आक्रमणमध्ये एउटा सुरक्षा कमजोरी र अर्को प्रयोगकर्ताको असावधानीका कारण भएका हुन् । जल तथा मौसम पूर्वानुमान महाशाखाको वेबसाइट सुरक्षा कमजोरीले ह्याक भएको हो भने संघीय मामिला मन्त्रालयको वेबसाइट प्रयोगकर्ताको असावधानीका कारणले । वेबसाइट ह्याक हुनुअघि नै महाशाखाको वेबसाइटलाई विभागकै वेबसाइटमा माइग्रेट गर्ने तयारी गरेको थियो । उक्त तयारी अन्तिम चरणमा रहेको बेला ह्याक भएको विभागका सूचना अधिकारी दिनकर कायस्थ बताउँछन् । पुरानो वेबसाइटको कुनै पनि सूचना गोप्य खालको नभएको र आवश्यक डेटा माइग्रेट गरिसकिएकाले ह्याक भएर पनि कुनै नोक्सानी नभएको कायस्थको भनाइ छ । 'ह्याक भएको वेबसाइटमा कुनै गोप्य खालको डेटा थिएनन्, वेबसाइटमा सार्वजनिक गरिएका सूचना मात्रै थिए, ती पनि सबैजसो विभागको वेबसाइटमा माइग्रेट भइसकेका थिए । त्यसैले यो वेबसाइट ह्याक भएर कुनै नोक्सान भएन,' कायस्थले भने, 'अहिले त्यो वेबसाइटको डेटा पनि नयाँ वेबसाइटबाटै हेर्न सकिन्छ । त्यो डोमेन हामीले बन्द गर्न लागेका थियौँ । त्यसैले फिर्ता ल्याउन धेरै प्रयास नगरेकाले अहिलेसम्म फिर्ता नआएको हो ।' बन्द गर्न लागिएकाले वेबसाइटको सुरक्षामा धेरै ध्यान नदिँदा साइबर आक्रमणमा परेको हुनसक्ने उनको भनाइ छ । संघीय मामिला मन्त्रालयको वेबसाइट भने 'फिसिङ' गरेर ह्याक गरिएको मन्त्रालयका सूचना प्रविधि अधिकृत प्रमुख भुवन केसी बताउँछन् । मन्त्रालयले अहिले स्थानीय तह र प्रदेशका वेबसाइटहरूको ह्यान्डेलिङ गर्दै आएको छ । त्यसमध्ये सम्बन्धित तहलाई पनि वेबसाइटमा पहुँच दिइन्छ । तर, साइबर सुरक्षाबारे पर्याप्त ज्ञान नहुँदा कुनै स्थानीय तहका पदाधिकारीहरू फिसिङमा परेको र यसबाट ह्याकरले वेबसाइटमा 'लिमिट एक्सेस' बनाएको केसी बताउँछन् । 'प्रदेश स्थानीय तहसँग समन्वय गरेर काम गर्नुपर्ने भएकाले उहाँहरूलाई हामीले वेबसाइटमा लिमिट एक्सेस दिएका हुन्छौं । ह्याकरले पठाएका लिङ्कहरू एक्सेस पाएका कम्प्युटरबाट क्लिक गरेपछि ह्याकरहरूले त्यहाँबाट युजरनेम र पासवर्ड चोर्छन् । त्यही युजरनेम र पासवर्ड प्रयोग गरेर ह्याक गरेका हुन्,' केसीले भने, 'उनीहरूले ह्याक गरेको होइन, सीमित पहुँच बनाएका हुन् । हामीले त्यसलाई रिकभर गऱ्यौं, सबै प्रदेश र स्थानीय तहलाई पासवर्ड परिवर्तन गर्न भनेका छौँ । अहिले समस्या छैन ।' साइबर आक्रमणका फरक फरक तरिका माथिका त उदाहरण मात्रै भए । पछिल्लो समय व्यक्तिगत एवं संस्थागत रूपमा साइबर आक्रमणका घटना बढ्दै गएको पाइन्छ । सुरक्षा निकायले जारी गरेका सूचना र बढ्दै गएका उजुरीको तथ्याङ्कले यो अवस्था देखाउँछ । पछिल्लो समय प्रहरीको साइबर ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरो लगायतले साइबर ठगीबाट बच्न सचेतनामूलक सूचना जारी गर्दै आएका छन् । साइबर आक्रमणका लागि पछिल्लो समय ४/५ वटा तरिका प्रयोग हुने गरेको सरोकारवाला बताउँछन् । त्यसमध्ये फिसिङ, रेन्समवेयर एमआईटीएम आक्रमण, एसक्युएल इन्जेक्सन, एटीपी लगायत मुख्य छन् । पछिल्लो समय साइबर अपराधमा प्रयोग हुँदै आएको मुख्य तरिका फिसिङ हो । यो तरिकाबाट पछिल्लो समय वित्तीय अपराधका घटनासमेत बढिरहेको पाइन्छ । साइबर अपराधीले कुनै डिभाइसको प्रयोगकर्तालाई झुक्क्याएर कुनै लिङ्क खोल्न वा लगइन गर्न लगाउँछन् । प्रयोगकर्ताले लिङ्क खोल्नेबित्तिकै त्यो डिभाइसमा प्रयोग गरिएको युजरनेम र पासवर्ड ह्याकरले चोर्छन् । त्यसको प्रयोग गरेर वेबसाइटमाथि नियन्त्रण गर्ने गरेको पाइन्छ । पछिल्लो समय यो तरिका प्रयोग गरेर सबैभन्दा धेरै ठगीका घटना हुने गरेको पाइन्छ । त्यसैले अहिले नेपाल प्रहरीदेखि विभिन्न निकायले अनधिकृत लिङ्क नखोल्न भन्दै सचेत गराउँदै आएका छन् । पछिल्लो समय त प्रहरीले अनधिकृत व्यक्तिको फोनसमेत नउठाउन आग्रह गरेको छ । साइबर अपराधमा रेन्समवेयर अर्को मुख्य तरिका हो । यस तरिका अन्तर्गत साइबर अपराधीले सुरुमा कुनै पनि वेबसाइटमा कब्जा जमाउँछन् । त्यसलाई फिर्ता दिन बार्गेनिङ गर्छन् । बार्गेनिङ नमिलेमा त्यसलाई बिक्रीमा राख्ने गरेका छन् । यी घटना पटकपटक भइरहेको पाइन्छ । संस्थागत रूपमा बदनाम हुने डरले यस्ता घटना बाहिर नै नआउने गरेको समेत पाइन्छ । एमआईटीएम (म्यान इन दि मिडिल) मार्फत् हुने आक्रमण समेत अहिले बढिरहेको पाइन्छ । यस अन्तर्गत दुई पक्षबिच भइरहेको कुराकानीमा साइबर अपराधी बिचमा आउँछ । उनीहरूको कुराकानी र पठाइएका सूचना तथा फाइलमा त्यस्तो व्यक्तिले पहुँच बनाउँछ । त्यसलाई म्यानुपुलेट गरेर ठगी गर्ने काम गर्छ । त्यस्तै, कुनै भाइरस वा वर्म बनाउने, त्यसलाई कुनै तरिकाबाट (डाउनलोड गरेर खोल्न लगाएर) सम्बन्धित डिभाइस वा नेटवर्कको सिस्टम ह्याक गर्ने कार्यसमेत भएको पाइन्छ । यसलाई एटीपी ( एड्भान्स पर्सिस्टेन्ट थ्रेट) भनिन्छ । त्यस्तै, विभिन्न सेवा लिइरहेका कम्पनीको नामबाट झुक्क्याएर ओटीपी (वन टाइम पासवर्ड) पठाउन लगाउने कार्य अहिले धेरै भएको पाइन्छ । उदाहरणका लागि आफू बैंकबाट, इसेवा खल्ती लगायतबाट भन्दै फोन गर्ने र सर्भिसका लागि भन्दै ओटीपी मागेर अनधिकृत रूपमा पासवर्डमा पहुँच पुऱ्याउने काम गरिन्छ । यसलाई आईटी क्षेत्रमा सोसल इन्जिनियरिङ नाम दिने गरिएको छ । पछिल्लो समय यो विधिबाट साइबर अपराधका घटना बढेको विज्ञहरू बताउँछन् ।

**किन हुन्छ साइबर आक्रमण ?**

पछिल्लो समय भएका साइबर आक्रमणको मुख्य कारण वित्तीय स्वार्थ नै देखिएको छ । विभिन्न तरिकाले साइबर आक्रमण गरेर बार्गेनिङ गर्ने वा प्रलोभन देखाएर पैसा ठगी गर्ने, ब्ल्याकमेलिङ गर्ने घटनाहरू बढी आएको राष्ट्रिय साइबर सुरक्षा केन्द्रका प्रवक्ता राजकुमार महर्जन बताउँछन् । त्यसबाहेक, कतिपय घटना भने नजानेर वा लहैलहैमा लागेर वा कतिपय अवस्थामा सिस्टमको कमजोरी देखाइदिने हिसाबले पनि हुने गरेको छ । खासगरी आईटी पढेको १६ वर्षदेखि २५ वर्ष उमेरका युवाहरू अरुको लहैलहैमा लागेर यस्ता आक्रमणमा संलग्न पाइएको आईटी इन्जिनियर अम्बिका बराल बताउँछन् । उनीहरूलाई प्राविधिक ज्ञान हुन्छ, तर कानुनी प्रावधानबारे जानकारी हुँदैन, यसबाट उनीहरू फस्नेसमेत गरेका छन् । कतिपय अवस्थामा कुनै पनि संस्थाको साइबर सुरक्षाको कमजोरी देखाउनसमेत यस्तो गरेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको परीक्षासम्बन्धी वेबसाइट ह्याक गर्ने युवाले कमजोरी देखाउन यस्तो काम गरेको बताएका थिए । मनसाय सही नै भए पनि यो कार्य गैरकानुनी भएकाले यस्ता व्यक्तिमाथि पनि कारबाही हुने गरेको छ । तर, यस्ता ह्याकिङ्ले भने त्यस्ता निकायलाई सुरक्षा सावधानी अपनाउन सहयोग गर्ने बरालको बुझाइ छ ।

**साइबर सुरक्षाको लागि के गर्दैछ सरकार ?**

सरकारले देशभित्रका सार्वजनिकदेखि निजी क्षेत्रसम्मको साइबर सुरक्षाका लागि यसैवर्ष राष्ट्रिय साइबर सुरक्षा केन्द्र गठन गरेको छ । विभागीय स्तरको केन्द्रले सरकारीदेखि निजी क्षेत्रको साइबर सुरक्षाका लागि आवश्यक काम गर्ने उद्देश्य राखिएको छ । यद्यपि चालु आर्थिक वर्षको सुरुमा मात्रै गठन भएको संस्था आफ्नै कानुन तथा संरचना निर्माणमा अल्झिरहेको छ । यद्यपि यो वर्षकै लागि केही महत्त्वपूर्ण कार्ययोजना रहेको केन्द्रका प्रवक्ता महर्जन बताउँछन् । त्यसैले नेपालको मात्रै समस्या नरहेको तर छिमेकी देश भारत र चीनले सूचना प्रविधिमा मारेको फट्कोका कारण बिचमा रहेको नेपाल बढी जोखिममा रहेको उनको भनाइ छ । गत अक्टोबरमा सार्वजनिक भएको 'ग्लोबल साइबर सेक्युरिटी इन्डेक्स २०२४' मा नेपाल साइबर सुरक्षाको दृष्टिकोणले विश्वका १६० देशमध्ये ९४ औं स्थानमा रहेको छ, जुन तुलनात्मक रूपमा राम्रो हो । सरकारले संयन्त्र र कानुन बनाएरै साइबर सुरक्षाका लागि अघि बढेकाले यसमा आशावादी हुने प्रशस्त ठाउँ रहेको महर्जन बताउँछन् ।

*-रातोपाटी डटकम*

# लायन्सको तेस्रो क्याबिनेट बैठक तानसेनमा हुँदै




**पाल्पा,** माघ १४/सामाजिक क्षेत्रको अग्रणी संस्था लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ (पी) नेपालको तेस्रो डिष्ट्रिक क्याबिनेट बैंठक पाल्पाको तानसेनस्थित दकमडा माध्यमिक विद्यालयमा हुने भएको छ । क्लव डिस्ट्रिक ३२५ (पि) नेपालको आयोजना र पाल्पामा सञ्चालित एरिया -२ को आतिथ्यतामा यही माघ १७ गते क्याबिनेट बैंठक हुन लागेको हो ।

पाल्पा पर्यटकीय क्षेत्र भएकाले त्यसको विकास र विस्तारमा टेवा पुगोस् भन्ने उद्देश्यले लायन्सको क्याबिनेट बैंठक तानसेनमा गर्न लागिएको एरिया -२ का सचिव लायन गंगाबहादुर खत्रीले बताए । उनले भने 'शुन्दर नगरी तानसेनमा स्थानीय उत्पादन, कला र संस्कृतिको प्रवर्द्धन, स्थानीय व्यापार, व्यवसाय, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन, धार्मिक, साँस्कृतिक र प्राकृतिक क्षेत्रको सम्भावनाको खोजी गर्न बैंठक गर्न लागेका हौं ।' बैठकमा डिष्ट्रिकका पदाधिकारीहरु, विभिन्न क्लबहरुका अध्यक्ष,सदस्य, लियोका प्रतिनिधिहरुसहित ७ सय बढी लायन्सकर्मीहरुको सहभागिता रहने जनाइएको छ । क्लवले आफ्ना हरेक डिष्ट्रिक क्याबिनेट बैंठकहरु पर्यटकीय क्षेत्रहरुलाई लक्षित गर्दै आएको छ । उसले गत वर्ष जेठ २७ गते चौथो क्याबिनेट बैठक तानसेनको श्रीनगर डवली परिषरमा गरेको थियो । बैंठकमा क्लबहरुले गरेका कामको समीक्षा तथा आगामी कार्ययोजनाको विषयमा छलफल सहित पाल्पा पर्यटकीय गन्तव्यमा सुरक्षित छ भन्ने सन्देश दिन सफल भएको थियो ।

# आज नर्सिङ दिवस मनाइँदै




**पाल्पा,** माघ १४/आज देशभर नेपाल नर्सिङ दिवस विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाइँदै छ । नर्सहरुको पेशागत हकहित र सुरक्षाका लागि भन्दै वि.सं २०१८ माघ १५ गते आजकै दिन नेपाल नर्सिङ संघको स्थापना भएको थियो । नर्सिङ संघको स्थापनाको दिन पारेर हरेक वर्ष माघ १५ गते नेपाल नर्सिङ दिवस मनाउँदै आइएको छ ।

नर्सिङको इतिहास नेपालमा खासै पुरानो भने छैन तर अहिलेको परिपक्ष्यमा नर्सहरूको महत्व अनि विकास धेरै भइरहेको छ । नर्स विनाको अस्पतालको परिकल्पना हामी गर्न सक्दैनौ । सन् १९४७ मा वीर अस्पतालको स्थापनापछि स्वास्थ्य सहायकका रूपमा केही कम्पाउण्डर र भारतमा तालिम लिएका केही औलामा गन्न सक्ने व्यत्तिहरु मात्रै थिए, वीर अस्पतालको इतिहास पल्टाउँदा उति वेला ड्रेसिङ लगायत अन्य उपचारहरू कम्पाउन्डर या डाक्टर स्वले गर्ने गर्दथे । नर्सिङको नेपाली इतिहास विसं २०१३ बाट सुरु भएको देखिन्छ । दिवसका अवसरमा नेपाल नर्सिङ संघले पेशागत हक, अधिकार तथा सुरक्षाको ग्यारेन्टीका लागि विभिन्न कार्यक्रम गर्दैछ । शारीरिक तथा मानसिक रुपमा खटिएर बिरामीको सेवा गर्ने नर्स तथा नर्सिङ पेशालाई सम्मानित पेशाका रुपमा लिने गरिएको छ । तर नेपालमा नर्सि पेशा व्यावसायिक बन्न सकिरहेको छैन । साथै नर्सहरु न्युन बेतन तलबमा काम गरिरहेका छन् । नेपालमा वर्षेनी हजारौंको संख्यामा नर्सहरु उत्पादन हुँदा यसको व्यवस्थापन हुन सकेको छैन । उत्पादन भएका नर्सहरुको व्यवस्थापन हुन नसक्दा नर्सहरु भोलेन्टियर (स्वयंसेवी) का रुपमा काम गर्न बाध्य छन् । जसले गर्दा उनीहरुको पेशागत सुरक्षा अफै प्रत्याभूत हुन सकेको छैन । अहिलेको विषम परिस्थितिमा आम नागरिकलाई स्वाथ्य सेवा प्रवाह गर्न अग्रपङ्तिमा खटिने नर्सिङ क्षेत्रको आवश्यकता र महत्व बढेर गएको छ । नेपालमा नर्सिङ क्षेत्रमा श्रम शोषण भएको भन्दै नर्सहरुले गुनासो गर्दै आएका छन् ।

## खेलकुद समाचार

# वेस्ट इन्डियाको जित



**काठमाडौं,** माघ १४/दोस्रो तथा अन्तिम टेस्ट क्रिकेटमा वेस्ट इन्डिजले घरेलु टोली पाकिस्तानलाई १ सय २० रनले हराएको छ । वेस्ट इन्जिले दिएको २ सय ५४ रनको लक्ष्य पछ्याएको पाकिस्तान तेस्रो दिनको खाना समयअघि नै १ सय ३३ रनमा अलआउट भयो । दोस्रो पारीमा पाकिस्तानका बाबर आजमले सबैभन्दा धेरै ३१ रन बनाए । वेस्ट इन्डिजका जोमेल वारीकनले ५ विकेट लिए । वेस्ट इन्डिजले दोस्रो पारीमा २ सय ४४ रन बनाएको थियो । वेस्ट इन्डिजका कप्तान क्रेग ब्राथवेटले ५२ रन बनाए । पाकिस्तानका साजिद खानले ४ विकेट लिए । यसअघि मुल्तान क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको वेस्ट इन्डिजले पहिलो पारीमा १ सय ६३ रन र पाकिस्तानले पहिलो पारीमा १ सय ५४ रन बनाएको थियो । योसँगै २ खेलको शृङ्खलामा १-१ को बराबरी भएको छ । पहिलो खेल पाकिस्तानले १ सय २७ रनले जितेको थियो । वेस्ट इन्डिजले ३४ वर्षपछि पाकिस्तानमा टेस्ट क्रिकेट जितेको हो । यसअघि वेस्ट इन्डिजले सन् १९९० मा पाकिस्तानमा टेस्ट क्रिकेट जितेको थियो । प्रतियोगिता यही १९ गतेसम्म चल्नेछ । प्रतियोगितामा पुरुष तथा महिला दुवैतर्फको विजेताले पाँच लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ पाउनेछन् । उपविजेतालाई समान दुई लाख ८५ हजार पाँच सय ५५ र तृतीय हुने टोलीले एक लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ पाउनेछन् ।

## अर्थ /कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** माघ १४/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १० दशमलव ६१ अङ्कले घटेर आज दुई हजार छ सय ३३ दशमलव ३२ को बिन्दुमा कायम भएको छ ।

विभिन्न तीन सय १२ कम्पनीका एक करोड ७२ लाख ५३ हजार पाँच सय ७६ कित्ता शेयर ८७ हजार पाँच सय ६४ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ९२ करोड ४० लाख ६५ हजार आठ सय ८८ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ समूह शून्य दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ५१, लगानी शून्य दशमलव ७७, जीवन बीमा एक दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ६४, निर्जीवन बीमा शून्य दशमलव ६७, व्यापार एक दशमलव ८३ र अन्य समूह एक दशमलव ६६ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक समूह शून्य दशमलव ७२, वित्त तीन दशमलव ४६, जलविद्युत् शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६७ र लघुवित्त शून्य दशमलव ०४ प्रतिशतले बढेको छ । न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ४६ प्रतिशतले घटेको छ । कारोबार रमकका आधारमा आज सबैभन्दा धेरै सिन्धु विकास बैंक लिमिटेडको रू २९ करोड ८३ लाख ७९ हजार आठ सय १३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनएमबी-५० को सबैभन्दा धेरै छ लाख ७५ हजार एक सय ५९ कित्ता शेयर किनबेच भएको छ ।




# कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

**वर्गिकृत डिस्प्ले**
*१X५ साइजमा मात्र*
**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई